नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ३४९

मितिः२०८२/१२/२४

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै,

विषयः शासकीय सुधारको कार्यसूची कार्यन्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति२०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्वन्धी एक सय कार्यसूचीहरु अन्तर्गत बुँदा नं. ५ र बुँदा नं. ९२ मा भएको विषय यसैसाथ संलग्न छ।बुँदा नं. ५ मा भएको विषय कार्यान्वयनका लागि गर्न आगामी आर्थिक वर्षमा तहाँ गाउँपालिका/नगरपालिकाबाट आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुहुन र बुँदा नं. ९२ को विषयमा आफ्नो गाउँपालिका/नगरपालिका भित्रका सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०८२/१२/२४

प्रकाश पन्थी

शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन।

बुँदा नं. ५

दलित तथा ऐतिहासिक रुपमा बहिष्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरवञ्चनाको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमयाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने ।

बुँदा नं.९२

सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने नयाँ अतिक्रमणमा कडाईका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने। नेपाल बाल सङ्गठनसम्वन्धी उच्चस्तरीय जाँचवुझ आयोग (हरिबाबु आयोग) बमोजिम बाल संगठनको जग्गा अतिक्रमण तथा हिनामिनासम्वन्धी अनुसन्धान १५ दिनभित्र सुरु गर्ने ।